नेपाल सरकार

## ऊर्जा मन्त्रालय

# प्रेस विज्ञप्ति

मितिः २०७०।६।१७

मिति २०७०।६।१६ गते आर्थिक राष्ट्रिय दैनिकबाट प्रकाशित समाचारमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । सुपर सिक्स जलविद्युत आयोजनाको नामले चिनिने ८२ मेगावाट क्षमताको तल्लो सोलु जलविद्युत आयोजनासंग जोडेर निकालिएको सत्य र इमान्दारीतालाई दुरुत्साहित गर्ने भ्रामक, तथ्य भन्दा बाहिर कपोलकल्पीत र सबैलाई एकै प्रकारले हेरिने मनोगत धारणबाट प्रेरित समाचार भएको यस मन्त्रालयको स्पष्ट धारण छ ।

यस्ता विषय उठान गर्नुभन्दा पहिले तथ्यमा पुग्ने, विश्लेषण गर्ने, निष्पक्ष पूर्वक हेर्ने र खोजपूर्ण गर्ने र सरोकारवालासंग समेत बुझी तथ्यमा आधारित हुनुपर्नेमा सम्वाददाताको नाम समेत नखुलाई सर्वसाधारणमा भ्रम सिर्जना हुने गरी निकालिएको समाचार आफैमा दुःखद तथा गलत छ ।

तसर्थ, यस्ता विषयले राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता जगतको ध्यानाकर्षण गराउँदै व्यक्तिगत चरित्रमा आँच पुऱ्याउने दुराशयबाट प्रेरित भई प्रकाशित उक्त समाचार खण्डन गरेको जानकारी गराइन्छ ।

**किरणराज शर्मा**
सहसचिव